सम्बत् २०७६ साल पुष २८ गते सोमबारका दिन बसेको प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकको निर्णयको मुख्य व्यहोरा निम्न अनुसार छन् ।

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- जिल्ला प्रशासन कार्यालय, धनुषाको प.सं. ०७६।०७७, च.नं. ४२४०, मिति २०७६।०९।२८ को पत्रबाट प्राप्त विवरण अनुसार मिति २०७६।०९।२५ गते बिहान अन्दाजी ०४:०० बजेको समयमा धनुषा जिल्लाको मिथिला न.पा. वडा नं. ५ स्थित औरही खोलाको बगरमा जिल्ला धनुषा, मिथिला नगरपालिका वडा नं. ५ बस्ने राम जिवन महतोको छोरा वर्ष २४ को दिलिप भन्ने ओम प्रकाश महतोको टिपरले टाउको किचिएर मृत्यु भएकोमा निजलाई आर्थिक सहयोग स्वरुप रु. ५,००,०००।-(अक्षरुपी पाँच लाख मात्र) मुख्यमन्त्री राहतकोषबाट उपलब्ध गराउने ।

२. आर्थिक मामिला तथा योजना मन्त्रालय- श्रोत सुनिश्चितता र बहुवर्षीय आयोजना सम्बन्धी निर्देशिका, २०७६ स्वीकृत गर्ने विषयक प्रस्तावमा प्रशासन तथा विधेयक समितिबाट निर्णय भए बमोजिम गर्ने ।

OCMCM2